**शुशीला कार्की**
सदस्य,
अन्तरिम संविधान मस्यौदा समिति

१. प्रस्तावित अन्तरिम संविधान मस्यौदा २०६३ को धारा ४ को देहाय १ मा नेपालको शासन प्रणाली पुरानो राजसंस्था हटाएर लोकतन्त्रामक गणतन्त्र हुन आवश्यक छ । कारण २०६२/०६३ को ऐतिहारिक आन्दोलनको माग गणतन्त्रात्मक शासन शैली हो नकी राजतन्त्रात्मक शासन शैली, वर्तमान जनआन्दोलनको जनआदेशले राजालाई हृदय देखि नै फालि सकेको छ । नेपालको राज संस्थाले मुलुकको गतिलाई अग्रगमनको दिशा तर्फ लान कहिले पनि सकारात्मक भएको पाइएन । राजसंस्था मुलुकको निम्ति उपलब्धी मुलक पनि छैन । नेपाल जस्तो गरिब देशको निम्ति सेतो हात्तिको रुपमा देखिएको साथै शोषक र सामन्ती वर्गको नेतृत्व गर्ने राजसंस्था अवको २१ औं शताब्दीमा यसको आवश्यकता छैन तसर्थ अव गणतन्त्रात्मक व्यवस्था अन्तरिम संविधानमा कायम गर्न आवश्यक छ भन्ने मेरो राय छ ।

२. संविधानमा केही विषयमा मतमतान्तर र विकल्पको व्यवस्था भएको हकमा त्यो सिंगो राष्ट्रमा देखिएको द्वन्दको छाप हो मुलुक भित्र मतमतान्तर छ सात राजनैतिक दल र नागरिक समाज र ने.क.पा. माओवादी विच । यो विवादलाई अन्यथा भन्न मिल्दैन यो मतमतान्तर सात राजनैतिक दल नागरिक समाज र ने.क.पा.माओवादीले छलफल गरी आमसहमतीबाट निर्धारण गर्न सक्दछन् ।

३. अन्तरिम व्यवस्थापिकाको सन्दर्भमा ८ र १२ बुँदे समझदारी र सहमतिको आधारमा सात राजनैतिक दल र ने.क.पा.माओवादी र नागरिक समाज वसी आपसी छलफल गरी सहमतीमा पुगी अन्तरिम व्यवस्थापिकाको गठन समानुपातिक र समावेशीको आधारमा प्रतिनिधित्व गराउने गरी घोषणा गर्ने र वर्तमान संसद भंग गर्ने साथै अन्तरिम संविधानको घोषणा गरी संविधान सभाको तिथि मिति घोषणा गर्नु पर्ने हुन्छ । यो संसदलाई आयु बढाउनु र वर्तमान सरकारलाई कायम राख्नु र संविधान सभाको घोषणा नगराउनु जनआन्दोलन २०६२/०६३ को जनभावनाको तिरस्कार गर्नु हो भन्ने मेरो राय हो ।

४. अन्तरिम संविधान रहेको राजनैतिक संगठनको महलमा राजनैतिक दलहरुले ३३ प्रतिशत आफ्नो दलमा महिलालाई सहभागी गराउने सन्दर्भमा उल्लेख संसदको घोषणा अनुसार भएन । यदी यो कुरा उल्लेख गरिदिएको भए कमसेकम राजनैतिक दलहरुले महिलाहरुको संख्या दलमा बढाउने र सहभागी गराउने प्रयास गर्ने थिए ।

५. संघात्मक र आत्मनिर्णयको अधिकारको सन्दर्भमा व्यापक छलफलबाट मात्र हुनु पर्ने हुँदा संविधान सभाबाट निर्धारण हुन जरुरी छ ।

६. ने.क.पा.माओवादीको जनमुक्ति सेनाको व्यवस्थापन गर्न जरुरी छ ।

| | | |
|---|---|---|
| ………………… | ………………………… | …………………… |
| (१) खिमलाल देवकोटा | (२) सुशिला कार्की | (३) शान्ति राई |
| …………………… | ………………………… | …………………… |
| (४) कुमार योञ्जन तामाङ्ग | (५) परशुराम झा | (६) चण्डेश्वर श्रेष्ठ |